बैठक संख्याः ६३

आज मिति २०८२ साल बैशाख २५ गते बिहीबार दिनको ३:०० बजे देहायका विषयहरूमा छलफल गर्न नगर प्रमुख श्री शान्ति रत्न शाक्यज्यूको अध्यक्षतामा निम्नानुसारका सदस्यहरूको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरू गरेको छ।

-:: उपस्थिति ::-

| क्र.सं. | पद | नाम,थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्ति रत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा दाहाल | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री राम प्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्याम सुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | का.वा.सदस्य (वडा नं. ६) | श्री विजया सुवेदी न्यौपाने | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | का.वा.सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्र बहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री राम बहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री राम लाल दुवाल | उपस्थित |
| १६ | का.वा.सदस्य (वडा नं. १४) | श्री उत्तम के.सी. | उपस्थित |
| १७ | सदस्य | श्री सुभद्रा बजगाईं | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योती बोगटी | अनुपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रवीन्द्र सुनार | उपस्थित |
| २५ | सचिव (प्र.प्र.अ.) | श्री पोषण लामिछाने | उपस्थित |
| २६ | अधिकृत | श्री यादव खनाल | उपस्थित |

-:: छलफलका विषयहरू ::-

१) महिलासँग उपमेयर कार्यक्रम सम्बन्धमा।

२) राजस्व परामर्श समितिको सिफारिस सम्बन्धमा।

३) विविध।

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

-:: निर्णयहरू ::-

निर्णय नं. १

१) महिलासँग उपमेयर कार्यक्रम अन्तर्गत (महिलाहरूको सीप विकास तालिम, सीप प्रवर्द्धन तथा प्रविधि हस्तान्तरण कार्यक्रम) शीर्षकमा विनियोजित कूल बजेट रू ८ लाखबाट देहाय बमोजिम शीर्षकमा कार्यक्रमहरु संचालन गर्न अनुमति प्रदान गर्ने।

क) सिर्जनशील महिला उद्योगलाई दुना टपरी बनाउने मेसिन खरिद गर्न रू १ लाख प्रदान गर्ने।

ख) ज्यासनी आमा समूहलाई तीनदिने धूप बनाउने तालिम संचालन गर्न रू ५७ हजार १ सय उपलब्ध गराउने।

ग) विजनेस एण्ड प्रफोसेन वमेनलाई मानसिक स्वास्थ्य सम्बन्धी सचेतनामूलक तालिम संचालन गर्न रू ५२ हजार उपलब्ध गराउने।

२) प्रदेश सरकार र बनेपा नगरपालिकाको आर्थिक साझेदारीमा वडा नं. १ का गृहिणी महिला लक्षित तीसदिने बाँसको कच्चा पदार्थबाट निर्मित सामाग्रीहरू बनाउने तालिम संचालन गर्न अपुग हुने जम्मा रकम रू २ लाख ३१ हजार ५ सय **प्रविधि हस्तान्तरण कार्यक्रम** शीर्षकबाट उपलब्ध गराउने।

निर्णय नं. २

क) खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७६ ले निर्धारण गरेको प्रक्रिया पुरा गरी रीत पूर्वक निवेदन पेश हुन आएको श्री माझगाँउ खानेपानी तथा सरसफाई उपभोक्ता समिति, बनेपा-४ लाई नियमानुसार दर्ता गर्ने।

ख) श्री कोटथुम्का खानेपानी तथा सरसफाई उपभोक्ता समिति, बनेपा-१२ को प्रचलित कानून बमोजिम अभिलेखीकरण गर्ने।

निर्णय नं. ३

बनेपा नगरपालिका राजस्व परामर्श समितिको मिति २०८२ बैशाख २३ को बैठकको निर्णय बमोजिम सिफारिस हुन आएको बनेपा-८ स्थित बनेपा नगरपालिकाको स्वामित्वमा रहेको नयाँ सपिङ कम्पेक्स (पूर्वतर्फ) को वहाल रकम संकलन गर्ने सम्बन्धी ठेक्का रद्द गर्ने।

निर्णय नं. ४

संघीय स्वास्थ्य मन्त्रालयबाट समुदायमा आधारित सर्भिलेन्स कार्यक्रम संचालन गर्न यस बनेपा नगरपालिकालाई अनुदान स्वरूप प्राप्त रू ८ लाख रकमबाट खर्च हुनेगरी तोकिए बमोजिम नौ (९) प्रकारका Syndromic Category एवम् रोगहरूलाई निगरानी (सर्भिलेन्स) मा राख्न आवश्यक

प्रमुख

उपप्रमुख

नगरस्तरीय कार्यविधि/निर्देशिका बनेपा नगरपालिका स्वास्थ्य शाखामार्फत बनाउन स्वीकृति प्रदान गर्ने।

**निर्णय नं. ५**

बनेपा नगरपालिका अन्तर्गत वडा नं. ८ मा संचालनमा रहेको बसपार्कमा पार्किङ शुल्क संकलनमा बिहान ७:०० बजेदेखि बेलुका ८:०० बजेसम्म खटिने कर्मचारी/नगर प्रहरीलाई खाना खाजा वापत दैनिक रू ३५० का दरले भत्ता रकम उपलब्ध गराउने।

**निर्णय नं. ६**

बनेपाकी आराध्यदेवी माता चण्डेश्वरीको जात्राका अवसरमा मिति २०८२ बैशाख ३० गते मंगलबार बनेपा नगरपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरूमा स्थानीय पर्व बिदा दिने ।

प्रमुख

उपप्रमुख

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

बैठक संख्या: ६३

आज मिति २०८२ साल बैशाख २५ गते बिहीबार दिनको ३:०० बजे देहायका विषयहरूमा छलफल गर्न नगर प्रमुख श्री शान्ति रत्न शाक्यज्यूको अध्यक्षतामा निम्नानुसारका सदस्यहरूको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरू गरेको छ।

-:: उपस्थिति ::-

| क्र.सं. | पद | नाम,थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्ति रत्न शाक्य | |
| २ | उप प्रमुख | श्री विमला सापकोटा दाहाल | |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | |
| ४ | सदस्य (वडा नं. २) | श्री राम प्रसाद घिमिरे | |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्याम सुन्दर श्रेष्ठ | |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | |
| ८ | का.वा.सदस्य (वडा नं. ६) | श्री विजया सुवेदी न्यौपाने | |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | |
| ११ | का.वा.सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्र बहादुर खड्का | |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | |
| १४ | सदस्य (वडा नं. १२) | श्री राम बहादुर कुँवर | |
| १५ | सदस्य (वडा नं. १३) | श्री राम लाल दुवाल | |
| १६ | का.वा.सदस्य (वडा नं. १४) | श्री उत्तम के.सी. | |
| १७ | सदस्य | श्री सुभद्रा बजगाईं | |
| १८ | सदस्य | श्री समिता थापा | |
| १९ | सदस्य | श्री ज्योती बोगटी | |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | |
| २३ | सदस्य | श्री कमला परियार | |
| २४ | सदस्य | श्री रवीन्द्र सुनार | |
| २५ | सचिव (प्र.प्र.अ.) | श्री पोषण लामिछाने | |
| २६ | अधिकृत | श्री यादव खनाल | |